**Coronavirus CivActs Campaign (CCC)** ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरु संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरुले कुनै नकारात्मक असर पुऱ्याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।

## सरकारले निम्न मापदण्डका आधारमा परीक्षा सञ्चालनको तयारी गर्दैछ

१. परीक्षा सञ्चालन अघि र परीक्षा सञ्चालन पछि परीक्षा हल, कार्यालय कक्ष, शौचालय, ढोकाका हेण्डल, बिजुलीका स्वीच आदिलाई अनिवार्य रुपमा नि:संक्रमित गर्ने गराउने ।





२. परीक्षा केन्द्रको मुल गेटमा कर्मचारी, सुपरिवेक्षक, सम्बन्धित परीक्षार्थी र अन्य प्रवेश गर्ने व्यक्तिको अनिवार्य रुपमा तापक्रम लिने व्यवस्था गर्ने ।

३. तापक्रम मापन गर्ने व्यक्तिले सुरक्षा कवच लगाई कम्तिमा दुई मिटरको दुरी कायम हुने गरी तापक्रम मापनको व्यवस्था गर्ने ।






४. ज्वरो आएको र रुघाखोकी लागेको बिरामीलाई परीक्षा केन्द्र प्रवेशमा रोक लगाउने र त्यस्तो व्यक्तिलाई नजिकको स्वास्थ्य केन्द्र पठाउन सहयोग गर्ने ।

५. परीक्षा केन्द्रको मूल गेटमा साबुन पानीले हात धुने एवं सेनिटाईजरको व्यवस्था गर्ने ।



स्रोत: https://moe.gov.np/assets/uploads/files/Guideline.pdf

## नेपाल अपडेट



प्रदेश नं. २ को विघुत वितरण केन्द्र जलेश्वरमा सामाजिक दूरी तथा मास्कको प्रयोग बिना बिजुलीको महसुल बुझाउनेहरूको भिड

तस्बिर: राकेश प्रसाद चौधरी

### परिक्षण

पिसिआर परिक्षण: ३,४७,२७५

पोजेटिभ: १८,७५२

उपचाररत: ४,९५०

मृत्यु : ४८






Source: https://covid19.mohp.gov.np/#/

# हल्ला र तथ्य





सरकारले लकडाउन खोलेपछि कोरोनाको संक्रमण बढ्दैछ भन्दैछन् नि ।

लकडाउन भन्दा ५ दिन अगाडीको कुल दैनिक परीक्षणमा संक्रमण पुष्टि हुनेको संख्या औसतमा ३.२% रहेको थियो । त्यसै गरेर सरकारले लकडाउन खुला गरे पछीका ५ दिनको जम्मा परीक्षण मध्ये संक्रमण पुष्टि हुनेको संख्या औसतमा ३.३% रहेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । संक्रमणको दर बढ्न नदिन लकडाउन खुला भए पनि स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गर्न अत्यन्त जरुरी छ ।

स्रोत: https://www.facebook.com/mohpnep/



कोरोना रोकथाममा केन्द्रित सरकारले बाढी पहिरोबाट विस्थापितलाई पुनर्स्थापित गर्न के गर्छ ?

विपदका घटनामा परी खाद्यान्न तथा हाल बसोबास गरिरहेको घर पूर्ण रुपमा नष्ट भएमा वा पूर्ण रुपमा नष्ट नभएता पनि सम्भावित खतराबाट जोगिन सुरक्षित स्थानमा नयाँ घर निर्माण गर्नुपर्ने भएमा जिल्ला विपद् व्यवस्थापन समितिबाट निर्णय गरी प्रति परिवार रु १ लाख उपलब्ध गराउने भनेको छ । तर, यो व्यवस्था अर्को स्थानमा बसोबास गर्ने घर नभएका लागि मात्र हो । बाढी, पहिरो डुबान तथा कटान लगायतका कारण घरबार विहिन भएका परिवारका लागि २०७२ सालको भूकम्प पीडितलाई प्रदान गरिएको विधि र प्रकृयाबाट शहरी विकास मन्त्रालयले आवास निर्माण गर्ने व्यवस्था मिलाउनेछ ।

स्रोत: https://www.moha.gov.np/



किसानले जसो तसो बर्षे बाली त लगाए, तर आवश्यक मल कहाँ, कहिले र कसले उपलब्ध गराउँछ भन्ने नै थाहा छैन ।

सरकारले यस अघी नै कोरोना संकटको बिचमा पनि कृषि क्षेत्रलाई प्रभावित हुन नदिने भनेको थियो । तर यस सम्बन्धी गुनाशो भने आईरहेको छ । धान, मकै, कोदो लगायत अन्य बाली लगाईसकेमा आवश्यक पर्ने मल, औजार, किटनाशक औषधी खरिद गर्न पाईने स्थान, आधिकारीक सम्पर्क व्यक्तिको नाम र फोन नम्बर सहित स्थानीय भाषा र सञ्चार माध्यम मार्फत किसानलाई जानकारी गराउनु भनेर राष्ट्रिय सूचना आयोगले कृषि तथा पशुपंक्षी मन्त्रालयलाई निर्देशन जारी गरेको छ । यसको लागि सम्बन्धीत कार्यालयमा सूचनाको हक प्रयोग गरेर पनि सूचना माग गर्न सकिन्छ ।

स्रोत: https://nic.gov.np/mydata/165/1590555283.adesh9.pdf



साउन १५ गते देखी विद्यालय खुल्ने भन्ने हल्ला छ । फेरी सरकारले भदौ १ गते भन्दा अगाडी लामो दुरीका यातायात बन्द रहने भनेकोछ । घर गएकाहरु कसरी आउँछन ?

निजि विद्यालयहरुले साउन १५ गते देखी विद्यालय खुल्ने भने पनि, यस अघि साउन ५ गते बसेको मन्त्रिपरिषदको बैठकले तोकिएको मापदण्ड प्रयोग गरी भदौ १ गते देखी विद्यार्थी भर्ना र परीक्षा सञ्चालन गर्न पाउने भनेको छ । तर, अर्को सूचनाले मिति नतोक्दा सम्म शैक्षिक संस्थाहरुका नियमित गतिविधि सञ्चालन नगर्ने भनेर सरकारले स्पष्ट पारेको छ ।

स्रोत: https://mocit.gov.np/categorydetail/cabinet-2077-04-05

**WhatsApp मार्फत हाम्रो बारेमा नियमित ताजा जानकारी पाउन**

१. तपाईको कन्ट्याक्ट लिस्टमा **+2760806146** एड गर्नुहोस्
२. माथिको कन्ट्याक्ट नम्बरमा **Nepal** लेखेर म्यासेज पठाउनुहोस्




**COVID-19**

को बारेमा बुझ्न नि:शुल्क हटलाईन

viamo द्वारा प्रस्तुत

कोभिड - १९ सम्बन्धी सितैमा जानकारी लिनको लागि तपाईको NTC सिमकार्डबाट **३२१००** मा डायल गर्नुहोस्

accountabilitylab NEPAL

# Open Migration

## मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

| साउदी अरव | कुवेत | बहराईन | कतार | युएई | ओमान | मलेसिया | दक्षिण कोरिया |
|---|---|---|---|---|---|---|---|
| ३,३४,४५१ नेपाली | ७१,१९३ नेपाली | २६,००० नेपाली | ४,०६,९१७ नेपाली | २,२४,९०५ नेपाली | १७,०५७ नेपाली | ५००,००० नेपाली | ३८,८६२ नेपाली |
| २,६६,९४१ संक्रमित | ६३,१३१ संक्रमित | ३९,१३१ संक्रमित | १,०९,३०५ संक्रमित | ५८,९१३ संक्रमित | ७६,००५ | ८,८९७ संक्रमित | १४,१७५ |
| १७५० नेपाली संक्रमित | १५०० नेपाली संक्रमित | ४५१ नेपाली संक्रमित | २०,६०० नेपाली संक्रमित | २००० नेपाली संक्रमित | ४५ नेपाली संक्रमित | ८१ नेपाली संक्रमित | |
| ९ मृत्यु भएका नेपाली | ७ मृत्यु भएक नेपाली | ३ मृत्यु भएका नेपाली | १६ मृत्यु भएका नेपाली | ३० मृत्यु भएका नेपाली | १ मृत्यु भएका नेपाली | | |



- गन्तव्य राष्ट्रमा संक्रमित नेपाली
- गन्तव्य राष्ट्रमा नेपाली जनसंख्या
- गन्तव्य राष्ट्रमा संक्रमित जनसंख्या
- गन्तव्य राष्ट्रमा मृत्यु भएका नेपाली

स्रोत: https://coronavirus.jhu.edu/map.html
https://www.covid19.nrna.org.np/
https://publications.iom.int/system/files/pdf/mp_nepal_2019.pdf

ShramikSanjal

## अन्तरराष्ट्रिय उडानको लागि एकहप्ते उडान तालिका सार्वजनिक

२०२० अगष्ट १ बाट  अन्तरराष्ट्रिय उडान सुरु हुने भए पनि हाल चार्टर उडानहरु सूचारु भएका छन् । एक हप्ताको लागी निम्नानुसार उडानको तालिका जारी भएको छ ।

### मलेसिया

११ वटा उडान, ३ वटा एयरलाईन्स (नेपाल एयरलाईन्स, हिमालय एयरलाईन्स, मलिन्डो एयर)

उडान अगष्ट १, २, ३, ४, ६, ७, ८ मा हुनेछन् ।

### साउदी अरव

९ वटा उडान, २ वटा एयरलाईन्स (नेपाल एयरलाईन्स र हिमालयन एयरलाईन्स)

उडान रियाद र दमामबाट अगष्ट ५, ६, ७, ८ मा हुनेछन्।

### कुवेत

५ वटा उडान, ३ वटा एयरलाईन्स (नेपाल एयरलाइन्स, हिमालयन एयरलाईन्स, जजिरा एयरलाईन्स)

उडान ३१ जुलाई, २ अगष्ट, ५ अगष्टमा हुनेछन् ।

### यू.ए.ई.

१७ वटा उडान, ५ वटा एयरलाईन्स (नेपाल एयरलाईन्स, हिमालयन एयरलाईन्स, फ्लाई दुबई, एयर अरेबिया, ईतिहाद एयरवेज)

उडान आबुधावी र दुबईबाट अगष्ट १, २ ,३, ४, ५, ६, ७, ८ मा हुनेछन् ।

# $ फलो द मनी - खर्चको अर्थ

## संघिय सरकार

**जम्मा**

तिन पटक गरेर नेपाल सरकार अर्थ मन्त्रालय मार्फत छुट्याईएको

**करिब १ अर्ब ४८ करोड**

कोरोना भाईरस जोखिम नियन्त्रण, रोकथाम तथा नियन्त्रण कोषमा जम्मा

**करिब २ अर्ब २६ करोड**

**दाता**

ए.डि.बि.
करिव ३० अर्व ३३ करोड

विश्व बैंक
करिव ३ करोड ४८ लाख

आई.एम.एफ.
करिव १५ अर्व ८८ करोड

युरोपियन युनियन
करिव ९ अर्व ९४ करोड

**खर्च**

कोरोना भाईरस विरुद्धका गतिविधिमा नेपाल सरकारले गरेको खर्च स्वास्थ्य मन्त्रालयलाई निकासा

**करिब ४ अर्व १० करोड**

रक्षा मन्त्रालय मार्फत कोरोना रोकथाम र नियन्त्रणका लागि चाहिने स्वास्थ्य उपकरण खरिदको लागि

**२ अर्ब ३४ करोड** निकासा

## प्रदेश सरकार

| प्रदेश | प्रदेश १ | प्रदेश २ | बागमती प्रदेश | गण्डकी प्रदेश | प्रदेश ५ | कर्णाली प्रदेश | सुदुरपश्चिम प्रदेश |
|---|---|---|---|---|---|---|---|
| जम्मा रकम | करिब २९.४ करोड | करिब २६.६ करोड | करिब ४२.९ करोड | करिब १८.३ करोड | करिब १५.६ करोड | करिब २५.४ करोड | करिब ४२.५ करोड |
| खर्च गरिएको रकम | करिब १९.३ करोड | करिब १३.३ करोड | करिब १३.६ करोड | करिब १५.४ करोड | करिब ७.७९ करोड | करिब २३.९ करोड | करिब ३६.४ करोड |

## आ.व. २०७५/७६ मा कर्णाली प्रदेशको बेरुजुको अवस्था







जम्मा लेखा परीक्षण गरिएको रकम

**१९ अर्ब**

जम्मा लेखापरीक्षण गरिएका कार्यालय **१३४**

बेरुजु देखिएका कार्यालय **७५**

accountabilitylab NEPAL

# $ फलो द मनी - खर्चको अर्थ

## आर्थिक वर्ष २०७५/७६ मा कर्णाली प्रदेशको खर्च बेरुजु देखिएका मन्त्रालयको तुलनात्मक अध्ययन




कर्णाली प्रदेशमा जम्मा ५१ करोड ७० लाख खर्च बेरुजु देखिन्छ । जुन उसको जम्मा लेखा परीक्षण भएको रकमको २.७२% हो । करिब ५६% (१३४ कमध्ये ७५) कार्यालयहरुमा खर्च बेरुजु भएको देखिन्छ, जुन अली बढी हो । सुदूरपश्चिम प्रदेश जस्तै (अघिल्लो बुलेटिनमा प्रस्तुत), कर्णाली प्रदेशमा पनि पेश्कीमा बेरुजु (४५%) धेरै छ । त्यसै गरेर, प्रमाण कागजात पेश नभएको बेरुजु करिब ३३% रहेको छ । प्रयाप्त प्रमाण कागजात पेश नगरी गरिएको खर्चले कार्यालयको नैतिकता माथी प्रश्न उठाउँछ । यसलाई रोक्नको लागि तत्काल कदम चाल्न जरुरी छ ।

जम्मा बेरुजु मध्ये भौतिक पूर्वाधार विकास मन्त्रालय र सामाजिक विकास मन्त्रालयको समग्र बेरुजु मात्र ६४% छ । यसले या त प्राथमिक क्षेत्रमा बजेट छुट्याईएको छैन अथवा नागरिकको आवश्यकता के हो भन्ने कुराको प्रभावकारी विवरण तयार गरिएको छैन भन्ने देखाउँछ । यसै गरेर, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयमा (जम्मा बेरुजुको २३%) र उद्योग, प्रयटन, वन तथा वातावरण मन्त्रालयमा (जम्मा बेरुजुको १२%) पनि ठुलो रकम बेरुजु देखिनुले स्थानीय स्तरमा प्रभावकारी रुपमा विकास हुन सकेको छैन भन्ने देखाउँछ । वित्त अनुशासन कायम गराउनु र उनिहरूलाई सो कार्य गर्न उत्प्रेरीत गर्नु मुख्यमन्त्रि तथा मन्त्रिपरिषदको कार्यालयको प्रमुख जिम्मेवारी हो । यद्यपी, कानुन विपरीत कर्णाली प्रदेश मुख्यमन्त्रि तथा मन्त्रिपरिषदको कार्यालयले प्रेस सललाहकार, राजनीतिक सल्लाहकार र जनसम्पर्क सल्लाहकारहरूलाई पनि तलब दिएको छ ।

नोटः हाम्रो उद्देश्य सरकारले गरेको राम्रो काम र छुट्याएको बजेटको बारेमा सबैलाई जानकारी होस र सो पश्चात यस विषयमा नागरिक र अन्य सरोकारवालाको बिचमा छलफल भई सरकारलाई प्रयाप्त पृठपोषण प्राप्त होस् भन्ने हो । यहाँ प्रस्तुत विवरण पूर्ण हैन । उपलब्ध माध्यमबाट संग्रह गरी राखिएको हो । थप सही तथ्यांक संकलन गरी परिमार्जन गर्दै जानेछौं । यसमा सबैले सहयोग गरिदिनुहुन अनुरोध गर्दछौं ।

accountabilitylab NEPAL



## निर्मला शाही

उप-प्रमुख

मण्डनदेउपुर नगरपालिका, काभ्रेपलाञ्चोक

"सुरुमा मण्डनदेउपुर नगरपालिका वडा नं ६ मा रहेको विद्यालयमा क्वारेन्टाईन बनाए पनि त्यहाँ काम गर्ने र खाना पकाउने मान्छे पाउन सकिएन । हामीसँग एम्बुलेन्स, स्वास्थ्यकर्मी र स्वास्थ्यसामाग्री तयारी अवस्थामा राख्न करिब १५ दिन लाग्यो । यति व्यवस्था गरिसकेपछि पनि क्वारेन्टाईनमा मान्छे बस्नै नमान्ने अवस्था थियो । वैदेशिक रोजगारीबाट आएका व्यक्तिलाई समुदायले नै लुकाउन थालेपछि हामी प्रहरी प्रशासन लगाएर उनिहरुलाई क्वारेन्टाईनमा लैजान बाध्य भयौं । तर, हामीले सामाजिक सचेतना जगाउन माइकिङ गर्न थालेपछि समुदायवाटै क्वारेन्टाईनमा मान्छे राख्नुपर्छ भनेर फोन आउन थाल्यो ।"

## कल्पना श्रेष्ठ

उपाध्यक्ष

भुम्लु गाउँपालिका, काभ्रेपलाञ्चोक



"दुर्गम गाउँपालिका भए पनि बाहिरबाट गाउँपालिका प्रवेश गर्ने एक मात्र नाका भएकोले चेकजाँच गर्न धेरै सजिलो भयो । त्यसका लागि भुम्लु गाउँपालिका र छिमेकी चौरीदेउराली गाउँपालिकाले संयुक्त रुपमा दोलालघाटमा नाका प्रवेश गर्नुभन्दा अघि स्वास्थ्य परीक्षणको व्यवस्था गर्‍यौं । त्यसले राम्रो सन्देश बोक्यो । त्यससँगै अत्यावश्यक रहेका स्वास्थ्य सामाग्रीहरुको खरिद, स्वास्थ्य संस्थाहरुमा पूर्वाधारको विकास र क्वारेन्टाईनको व्यवस्थापनमा हामीले सकृयता जनायौ । सही सूचना दिनको लागि हामीले स्वास्थ्यकर्मी, शिक्षक तथा जनप्रतिनिधीहरुको समन्वयमा सचेतना फैलाउनुका साथै रेडियोमा सूचना बजाउने काम गर्‍यौं । यसले गर्दा पनि हाम्रो पालिकाले ठुलो जोखिम उठाउनु परेको छैन ।"



## उज्वल अधिकारी

स्वास्थ्य शाखा प्रमुख

पाँचखाल नगरपालिका, काभ्रेपलाञ्चोक

"सरकारले लकडाउनको घोषणा गरेसँगै हामी स्वास्थ्यक( र्मीका लागि समुदायमा संक्रमण फैलन नदिने, स्वास्थ्य संस्था सुरक्षित रुपमा चलाउने, स्वास्थ्य संस्थामा आवश्यक रहेको स्वास्थ्य सामाग्री र औषधिको व्यवस्थापन निक्कै चुनौतीपूर्ण बिषय थियो । जनप्रतिनिधीहरुको हौसला र जिल्ला स्वास्थ्य कार्यालयबाट आएको निर्देशिकाले काम गर्न धेरै सजिलो भयो । गलत सूचनाको कारणले केही तनाव पनि झेल्यौ, तर यसले हाम्रो कामलाई असर गरेन । सबै स्वास्थ्य चौकीमा स्वास्थ्यकर्मीहरुको उपलब्धता क्वारेन्टाइनको व्यवस्थापन र चेकजाँचमा हामी चनाखो भएका छौ । कोरोना अझै सकिएको छैन, त्यसका लागि हामीले सामाजिक दुरी कायम राख्न र मास्कको प्रयोग गर्न अनुरोध गरिरहेका छौ ।"

# कोभिड - १९ ले हामीलाई व्यक्तिगत वित्त व्यवस्थापनको बारेमा के सिकायो त ?



आर्थिक भविश्य राम्रो बनाउन आजको दिनमा व्यक्तिगत वित्त व्यवस्थापन गर्न सिक्नु एक अति महत्वपूर्ण कला सावित भएको छ । यदि कसैको जीवनमा दिर्घकालीन असरलाई छोड्ने हो भने कोभिड - १९ ले ल्याउने आर्थिक संकट सबैको लागि बराबर हुन्छ । संकटका कारण बजारको आकार संकुचित हुने भएकोले, यसले व्यवसायी, जागिरे र सरकारमाझ पनि आर्थिक रुपमा त्रासको वातावरण सृजना गरेको छ । यस्तो अनिश्चितताको समयमा व्यक्तिगत वित्त व्यवस्थापन सामान्य अवस्थाको तुलनामा बढी महत्वपूर्ण हुन्छ ।

हाम्रो व्यक्तिगत वित्त व्यवस्थापन क्षमतालाई अभिबृद्धी गर्न डिजिटल सेवाको प्रयोग एक प्रमुख र प्रारम्भिक उपाय हो । डिजिटल सेवाहरु जस्तै, ई-वालेट, इन्टरनेट बैंकिङ, मोबाईल बैंकिङ, अनलाईल खरिद तथा भुक्तानी लाई व्यक्तिगत वित्त व्यवस्थापनका विकल्पको रुपमा लिन सकिन्छ । आर्थिक लेनदेनको लागि डिजिटल माध्यमको प्रयोगले हामीलाई निम्न तरिकाले मद्दत गर्दछ:



१. यसले हाम्रो आमदानी र खर्चलाई तेस्रो आँखाले हेर्न मद्दत गर्दछ ।
२. यसले हामीलाई तत्कालिन, मध्यम र दिगो रुपमा आर्थिक लक्ष निर्धारण गर्न मार्ग निर्देशन गर्दछ।
३. यसले हामीलाई बजेटको योजना बनाउन र कार्यान्वयन गर्न प्रोत्साहित गर्दछ र हाम्रो आवश्यकता र चाहनाको आकलन गरेर पैसा खर्च गर्ने सचेत उपभोक्ता बन्न सहयोग गर्दछ ।
४. यसले हामीलाई लेनदेनको विस्तृत विवरण लेखांकन गर्न र बचतको अधावधिक विवरण हेर्न मद्दत गर्दछ।

## सरकारको सहयोग

नेपाल सरकारले पनि नागरिकहरुलाई कागजी नोटबाट कोभिड - १९ को संक्रमण सर्न सक्ने जोखिमलाई कम गर्न डिजिटल कारोबार गर्न प्रोत्साहित गरेको छ । सरकारले डिजिटल आर्थिक लेनदेनलाई प्रोत्साहन गर्न निम्न कदम चालेको छ:

### मोबाईल तथा इन्टरनेट सेवाबाट आर्थिक कारोबार गर्न निम्नानुसार सिमा तोकिएको छ:

| क्र.स. | माध्यम | प्रति दिन कारोबार सिमा रु. | प्रति महिना कारोबार सिमा रु. |
|---|---|---|---|
| १ | मोबाईल बैंकिङ (QR कोड भएको) | १,००,००० | १०,००,००० |
| २ | इन्टरनेट बैंकिङ (मर्चेन्ट पेमेण्ट) | १०,००,००० | ३०,००,००० |
| ३ | इन्टरनेट बैंकिङ (अकाउन्ट ट्रान्सफर) | १०,००,००० | ५०,००,००० |

### मोबाईल वालेट सेवाबाट आर्थिक कारोबार गर्न तोकिएको सिमा निम्नानुसार छ:

| क्र.स. | पैसा ट्रान्सफर | प्रति कारोबार | प्रति दिन | प्रति महिना |
|---|---|---|---|---|
| १ | एजेण्ट तथा सब-एजेण्टबाट वालेटमा | – | २५,००० | १,००,००० |
| २ | बैंक खाताबाट वालेटमा | २५,००० | १,००,००० | ५,००,००० |
| ३ | वालेटबाट बैंक खातामा | २५,००० | १,००,००० | ५,००,००० |
| ४ | वालेटबाट वालेटमा | २५,००० | १,००,००० | ५,००,००० |

डिजिटल भुक्तानीको प्रयोगले हामीलाई अझ बढी जिम्मेवार र कारोवारलाई पारदर्शी बनाउन सहयोग गर्दछ ।

गौरव थापा
सह-संस्थापक/निर्देशक, फिनलिट नेपाल

सही सूचना

# कोरोना भाईरसबाट सबै भन्दा बढी जोखिम युक्त जिल्लाहरु

१०० भन्दा बढी कोभिड - १९ का एक्टिभ केस भएका जिल्लाहरु




माथिको ग्राफले १०० वा त्यो भन्दा बढी कोभिड - १९ का एक्टिभ केसहरुरहेको संख्या भएका नेपालका जिल्लाहरुलाई देखाउँछ । हाल यि जिल्लाहरुमा मात्र जम्मा ३८३५ एक्टिभ केसहरु छन् । जुन जम्मा एक्टिभ केसको ७० प्रतिशत हो । अहिले समुदाय स्तरमा पनि कोभिड - १९ को संक्रमण फैलिएको पुष्टि भईसकेको छ । यसको उदाहरणको रुपमा पर्सा जिल्लालाई लिन सकिन्छ । केही जिल्लाहरु जस्तै, रौतहट, कैलाली मा सुरु देखी नै संक्रमितको संख्या धेरै रहेको छ । लकडाउन खुकुलो भए पश्चात काठमाण्डौमा पनि संक्रमितको संख्या तिव्र रुपमा बढ्दैछ । सरकारले कोरोना भाईरस नियन्त्रणको प्रयास गर्दैगर्दा नागरिक आफै सजग हुनु पनि त्यतिकै जरुरी छ ।

स्रोत: HEOC, MoHP, SitRep

**DISCLAIMER**

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरु, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले यहि जुलाई महिना भित्र २००० भन्दा बढि व्यक्तिसंगको संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।



**Coronavirus CivActs Campaign** is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

@CivicActionTeams @civacts @CivActs